# सिसम-२ अपडेट

विद्यालय व्यवस्थापनमा सुधार सहयोग परियोजना (सिसम-२) भाद्र २०७१, अङ्क-३

## यस अङ्क भित्र

१. सिसम-२ परियोजनाको सन्देश

२. धादिङ, रसुवा तथा सोलुखुम्बु जिल्लाका उत्कृष्ट विद्यालयका राम्रा अभ्यासहरू

३. रूपन्देही, जुम्ला तथा डोटी जिल्लाका उत्कृष्ट विद्यालयका राम्रा अभ्यासहरू

४. परीक्षण जिल्लाका विद्यालयका थप राम्रा अभ्यासहरू

५. परियोजनाको दोस्रो बर्षमा विसुयोको क्षमता अभिबृद्धीमा क्षेत्रीय तथा राष्ट्रिय प्रबोधिकरण अभियान





## पहिलो वर्षमा यहाँहरूको सहकार्यका लागि धन्यवादः साथै हाम्रा चुनौतीहरू सामना गर्न एकसाथ जुटौं ।

*डा. योको इसिदा,*
*सिसम-२ परियोजना, टोली प्रमुख*

नमस्ते । सर्वप्रथम म शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र तथा जाइका/सिसम-२ परियोजनाका तर्फबाट परियोजनाको पहिलो वर्षका कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि धन्यवाद दिन चाहन्छु । यो उपलब्धि सबै सरोकारवालाहरूको संयुक्त प्रयासबाट नै सम्भव भएको हो । यसरी सिसमको पहिलो चरणदेखि नै निरन्तर योगदान पुऱ्याउनु हुने सम्पूर्ण महानुभाव तथा निकायहरूप्रति हामी हार्दिक कृतज्ञता व्यक्त गर्दछौ ।

विद्यालय क्षेत्र सुधार योजनाको एक अङ्गको रूपमा रहेको सिसम-२ परियोजनाको अन्तिम लक्ष्य भनेको कक्षा दोहोऱ्याउने दर तथा कक्षा छाड्ने दर कम गरी विद्यार्थीहरूको सिकाइ उपलब्धिहरूमा सुधार ल्याउनु हो जुन केन्द्रीय, क्षेत्रीय, स्थानीय निकाय, विद्यालय तथा समुदायको उचित सहयोग र सहकार्यविना कल्पना पनि गर्न सकिंदैन ।

निर्धारित लक्ष्य प्राप्तिका लागि सिसम-२ परियोजनाले केन्द्रीय/स्थानीयस्तरका निकायहरू, विद्यालय र समुदायहरूसँग मिलेर कार्य गर्दै आएको छ साथै विद्यालयस्तरमा विद्यालय र सरोकारवालाहरूको भूमिका र जिम्मेवारी बारे छलफल गरी "आफ्ना बालबालिकाहरूको लागि विद्यालयको सुधार गर्न स्थानीय स्रोतबाट के गर्न सकिन्छ" भन्ने बारेमा छलफल गर्न प्रोत्साहन गर्दै आएको छ ।

परियोजनाको पहिलो वर्षमा सिसम-२ ले सोलुखुम्बु, रूपन्देही, जुम्ला र डोटी गरी चार वटा जिल्लाहरूका साथै सिसम-२ परियोजनाको पहिलो चरणमा कार्यक्रम सञ्चालन गरिएका धादिङ र रसुवा जिल्लाहरूसँग सहकार्य गरेको छ । यस अवधिमा केन्द्रीयस्तरदेखि स्रोतकेन्द्रस्तरसम्म गरी करिब १५० जना प्रशिक्षकहरूलाई प्रशिक्षण गरेको छ भने ६ वटा जिल्लाहरूका करिब २००० विद्यालयहरूमा कार्यक्रम सम्पन्न भएको छ ।

गत २५ जुलाई, २०१४ शुक्रबारका दिन सिसम-२ परियोजनाले "परीक्षण नतिजा आदानप्रदान तथा सञ्जाल कार्यशाला" आयोजना गरिएको थियो जसमा केन्द्रीय र स्थानीयस्तरका सम्बन्धित सरोकारवालाहरू गरी जम्मा १३६ जनाको सहभागिता रहेको थियो ।

उक्त कार्यशालामा सिसम-२ परियोजनाले पहिलो वर्षमा कार्यक्रम सञ्चालन गरेका ६ वटै जिल्लाहरूले जिल्लाका राम्रा अभ्यास तथा अनुभवहरू प्रस्तुत गरेका थिए, जसले हामी सही दिशामा गइरहेको छौं भन्ने कुराको प्रमाण पेश गर्दछ । सो कार्यशालामा ६ वटै जिल्लाहरूबाट अति राम्रो अभ्यास भएका एउटा-एउटा र राम्रा अभ्यास भएका दुई-दुई वटा विद्यालयहरूलाई पुरस्कृत गरिएको थियो । यसरी पुरस्कृत भएका विद्यालयहरूको विवरण पेज २ र ३ मा उल्लेख गरिएको छ ।




*कार्यशाला गोष्ठीको शुभारम्भ*

परियोजनाको पहिलो वर्षको सिकाइ र अनुभवका आधारमा, सिसम-२ परियोजनाले दोस्रो वर्षका लागि क्षमता अभिवृद्धी मोडलको क्षेत्रीय/राष्ट्रिय प्रवोधीकरण अभियान सञ्चालन गर्दैछ । यसको संक्षिप्त विवरण पेज ४ मा उल्लेख गरिएको छ । त्यसैले सो अभियानमा विगतमा झैं यहाँहरूको सहकार्य र सहयोगका लागि हामी अनुरोध गर्दछौं ।

## धादिङ जिल्लाका असल अभ्यासहरू

धादिङ जिल्लाको पिडा गाविसमा रहेको **डोल भन्ज्याङ उच्च माध्यमिक विद्यालय** जिल्लाकै एक उत्कृष्ट विद्यालयको रूपमा छनौट भएको छ । यस विद्यालयले सम्बन्धित सबै सरोकारवालाहरूको सहभागितामा विद्यालय सुधार योजना नियमित रूपमा अद्यावधिक गर्दै आएको छ । यस प्रक्रियामा विद्यालयले नयाँ क्रियाकलापहरूको निर्माण गरी प्राथमिकीकरणको आधारमा कम वा बिना बजेटमा सञ्चालन गर्न सकिने कार्यक्रमहरूलाई विद्यालय सुधार योजनामा समावेस गरेको छ जुन तल उल्लेख गरिएको छः

१) विद्यार्थी तथा शिक्षकहरूको सक्रिय सहभागिताको लागि बालमैत्री शिक्षण-सिकाइ वातावरणमा सुधार ।

२) शिक्षकहरूको अभिलेख राख्ने विषयमा केन्द्रित भई बाल क्लवका क्रियाकलापहरूको सुदृढीकरण जस्तैः शिक्षकहरूको हाजिरी अभिलेख, पाठयोजना, दैनिक तथा मासिक शैक्षिक कार्यको लेखाजोखा, गृहकार्य तथा सजायको अभिलेखीकरण आदि ।

३) विद्यालय परिसरको सरसफाइ, बालमैत्री बगैंचा, प्लाष्टिक झोला जस्ता खेर जाने वस्तुहरूबाट विभिन्न सामग्रीहरूको निर्माण, नियमित भित्ते पत्रिका प्रकाशन र अवलोकन भ्रमण जस्ता गतिविधिहरू सञ्चालन गर्नका लागि विद्यार्थी/आमा समूहहरूको प्रर्वद्धन/परिचालन ।

४) सौर्य उर्जाबाट विद्युत आपूर्ति गरी सूचना तथा सञ्चार प्रविधि सम्बन्धी कक्षा/तालिम तथा अतिरिक्त क्रियाकलापहरू सञ्चालन ।


*बाल क्लबको बैठक*

यस विद्यालयको बाल क्लव जिल्लाकै उत्कृष्ट बाल क्लवको रूपमा परिचित छ । यसको साथै माथि उल्लिखित गतिविधिहरूले गर्दा डोल भन्ज्याङ उच्च माध्यमिक विद्यालयले विद्यार्थीहरूको विद्यालय छाड्ने दरमा कमी ल्याइ सिकाइ उपलब्धिमा पनि सुधार ल्याएको छ र विद्यालयले बृटिस काउन्सिलबाट २०७१ सालमा 'उत्कृष्ट अध्यक्ष', 'सामाजिक सेवा पुरस्कार', 'अन्तर्राष्ट्रिय विद्यालय पुरस्कार' प्राप्त गरेको छ ।

यसै गरी धादिङ जिल्लाबाट **बाल मन्दिर निम्न माध्यमिक विद्यालय-** धादिङबेसी तथा **सल्यानटार उच्च माध्यमिक विद्यालय-**सल्यानटार असल अभ्यास गर्ने विद्यालयको रूपमा दोस्रो स्थानमा छनौट भएका छन् ।

## रसुवा जिल्लाका असल अभ्यासहरू

रसुवा जिल्लाको लहरेपौवा गाविसमा रहेको **भुवनेश्वरी प्राथमिक विद्यालय** जिल्लाकै एक उत्कृष्ट विद्यालयको रूपमा छनौट भएको छ । यस विद्यालयको स्थापना वि.सं. २०५५ सालमा भएको हो । नुवाकोट धुन्चे राजमार्ग चौडा बनाउने क्रममा स्थानीयवासी, सडक निर्माण समिति र जिल्ला शिक्षा कार्यालयको संयुक्त प्रयासमा विद्यालयको पुनःनिर्माण गरिएको थियो ।

विद्यालय सुधार योजना सम्बन्धी कार्यशाला गोष्ठी छलफलका क्रममाः सामाजिक, साँस्कृतिक गतिविधि तथा घरायसी कार्यबोझको कारणले विद्यार्थीहरूको उपस्थिति तथा सिकाइ उपलब्धिमा पार्ने सकारात्मक एवम् नकारात्मक प्रभावबारे समुदायका सदस्यहरू तथा विद्यालय व्यवस्थापनद्वारा मनन् गरिएको थियो । त्यसैले यस परिस्थितिमा सुधार ल्याउनका लागि उनीहरूले कम वा विना बजेट बजेटमा गर्न सकिने सकारात्मक गतिविधिहरूको पहिचान तथा प्राथमिकीकरण गरेका थिए साथै उनीहरूले योजना बनाउने मात्र नभई यसको कार्यान्वयन समेत गरेका थिए ।


*हालै पुर्ननिर्माण गरिएका कक्षाकोठाहरू*

विद्यालयले विद्यार्थीहरूको जन्मोत्सव मनाउने, अभिभावकहरूद्वारा निर्माण गरिएको बगैंचाका बोट विरुवाहरू स्याहार गर्ने, विपद जोखिम न्यूनीकरण सम्बन्धी कार्यक्रमहरूबारे अभिमुखीकरण गर्ने र सबै सरोकारवालाहरूसँग मिलेर विद्यालयको कार्य सम्पादनको अनुगमन समेत गर्ने गरेको छ । विद्यार्थीहरूलाई वितरण गरिने विशेष छात्रवृत्ति तथा स्टेसनरी सामग्रीको अभिलेख राख्नका लागि बाल क्लवलाई अझ सबल बनाइएको छ । विद्यार्थीहरूले आफ्नो अध्ययनमा थप ध्यान दिन थालेका छन्, समयमै आफ्नो गृहकार्य पूरा गर्ने गरेका छन् साथै सफा अनि मिलेको विद्यालय पोसाक लगाएर नियमित रूपमा विद्यालयमा उपस्थित हुन थालेका छन् । यति मात्र नभई यस विद्यालयबाट प्राथमिक तहको अध्ययन पूरा गरी अन्य विद्यालयमा पढ्न गएका विद्यार्थीहरूले आफूलाई नमूना रूपमा प्रस्तुत गरेका छन्, जसलाई अद्यावधिक गरिएको विसुयो को प्रतिफलको रूपमा लिन सकिन्छ ।

यसैगरी रसुवा जिल्लाबाट **निर्कुभूमे उच्च माध्यमिक विद्यालय-**सरमथली तथा **ग्रेय निम्न माध्यमिक विद्यालय-**गतलाङ असल अभ्यास गर्ने विद्यालको रूपमा दोस्रो स्थानमा छनौट भएका छन् ।

## सोलुखुम्बु जिल्लाका असल अभ्यासहरू

जिल्ला शिक्षा कार्यालय, सोलुखुम्बु र सिसम-२ परियोजनाको संयुक्त पहलमा सञ्चालित क्षमता अभिबृद्धि कार्यक्रमले जिल्लाका प्रायःजसो सबै सामुदायिक विद्यालयहरूको विद्यालय सुधार योजना निर्माण र अद्यावधिक प्रक्रियामा सकारात्मक परिणाम देखिएको छ ।

जिल्लामा रहेका २७१ वटा सामुदायिक विद्यालयहरू मध्ये मुक्ली स्रोत केन्द्रअन्तर्गत रहेको **श्री कालिका प्राथमिक विद्यालय-**देउसालाई जिल्ला शिक्षा कार्यालयले मूल्याङ्कन गरी सर्वोत्कृष्ट विद्यालयको रूपमा छनौट गरेको छ । यो विद्यालय छनौट हुनुको कारणहरू निम्नानुसार रहेको छ :


*विद्यालयस्तरीय कार्यशाला*

१) यस विद्यालयले वास्तविक तथा कम वा विना बजेटमा गर्न सकिने क्रियाकलापहरू समावेश गरेर विद्यालय सुधार योजना समयमा नै तयार पारी जिल्ला शिक्षा कार्यालयमा पेस गरेको ।

२) स्रोतव्यक्तिको मार्गनिर्देशनको पालना गर्दै विद्यालय तथा व्यवस्थापन समितिका सदस्यहरू विद्यालयद्वारा सञ्चालित विसुयो तर्जुमा कार्यशालामा सक्रिय रूपमा सहभागी भएका ।

३) विद्यालयका सरोकारवालाहरू खास गरी अभिभावकहरूले जब विसुयो भनेको बाल बालिकाहरूको विद्यालय शिक्षाको गुणस्तरमा सुधार हुनु हो, जसले बाल बालिकाहरूको भविष्य निर्धारण गर्नेछ भन्ने बारे बुझे तब उनीहरूको व्यवहारमा उल्लेखनीय परिवर्तन आयो । विद्यालय स्वःमूल्याङ्कनको आधारमा कार्यक्रमहरूको पहिचान र प्राथमिकीकरण गरि सरोकावालाहरूले विसुयो सरल र वास्तविक भएको निश्चय गरे साथै विसुयोका कार्यकलापहरू कार्यान्वयन गर्न तत्पर भए ।

यसैगरी सोलुखुम्बु जिल्लाबाट **बेनी निम्न माध्यमिक विद्यालय-**बेनी तथा **गार्मा माध्यमिक विद्यालय-**गार्मा असल अभ्यास गर्ने विद्यालयको रूपमा दोस्रो स्थानमा छनौट भएका छन् ।

## रूपन्देही जिल्लाका असल अभ्यासहरू

रूपन्देहीको देवदहमा रहेको **जनप्रिय माध्यमिक विद्यालय** यस जिल्लाको सबैभन्दा राम्रो विद्यालयको रूपमा छनौट भएको छ। स्रोतकेन्द्रस्तरीय प्रशिक्षक प्रशिक्षण तालिममा यस विद्यालयबाट प्रधानाध्यापक गायत्रीप्रसाद खरेल र व्यवस्थापन समितिका अध्यक्ष केशवराज शर्मा पराजुली सहभागी भएका थिए। तालिम पश्चात उनीहरूले विद्यालय सुधार योजना तर्जुमामा सहभागीतामूलक तथा आपसी छलफलको महत्व बारे राम्ररी बुझे। उनीहरूले अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, विद्यार्थी, आमा समूहका प्रतिनिधि, समुदायका अगुवाहरू तथा समाजसेवीहरू सहित विद्यालयस्तरीय कार्यशाला गोष्ठीको आयोजना गरे। कार्यशालामा सहभागीहरूले विद्यालयको समस्याहरूका बारेमा विश्लेषण गरी विद्यालयको आवश्कतानुसार विद्यालय सुधार योजनामा क्रियाकलापहरूको प्राथमिकीकरण गरे।


स्रोत परिचालन

यसरी अद्यावधिक गरिएको विद्यालय सुधार योजनामा कम वा बिनाबजेट गर्न सकिने क्रियाकलापहरू जस्तै घरदैलो कार्यक्रम, शिक्षक विद्यार्थी अन्तरक्रिया, अभिभावक भेला, भौतिक पूर्वाधार व्यवस्थापन, भू-संरक्षण र दिवाखाजा आदि समावेश गरिएको छ। उनीहरूले बाढी पहिरोबाट हुने क्षति रोक्न नदीको किनार सुधार योजना पनि तयार पारेका छन्।

विद्यालय सुधार योजनाको अद्यावधिक पश्चात उनीहरूले समुदाय र स्थानीय सेवा प्रदायकहरूबाट कोष संकलन गर्ने कार्य तत्काल सुरु गरे। प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको प्रभावकारी सहजीकरणका कारण उनीहरू माथि उल्लेखित विद्यालय सुधार योजनाका कार्यक्रमहरू कार्यान्वयन गर्नको लागि जन समुदायबाट रु. ३,८७,६६६.०० संकलन गर्न सफल भए।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकमा रहेको सबल नेतृत्वको भावना र शिक्षकहरूको राम्रो सामूहिक कार्य नै उनीहरूको सफलताको मुख्य कारण हो। यसैगरी प्रधानाध्यापक पराजुलीको भनाइमा "सहभागितामूलक विद्यालय सुधार योजना अद्यावधिक प्रक्रियाका कारण अभिभावकहरू आफ्नो भूमिकाप्रति अझ बढी सचेत हुनुका साथै सक्रिय रूपमा सहभागी भएका छन्।"

यसै गरी रूपन्देही जिल्लाबाट **हिमालय निम्न माध्यमिक विद्यालय**-रुद्रपुर तथा **म्युदिहवा प्राथमिक विद्यालय**-सिद्धार्थनगर असल अभ्यास गर्ने विद्यालयको रूपमा दोस्रो स्थानमा छनौट भएका छन्।

## जुम्ला जिल्लाका असल अभ्यासहरू

जुम्ला जिल्लामा सबैभन्दा राम्रो अभ्यास गर्ने विद्यालयको रूपमा चन्दननाथ नगरपालिकामा रहेको **भगवती प्राथमिक विद्यालय** छनौट भएको छ। विद्यार्थीहरूलाई विद्यालयसम्म ल्याउन विद्यालयले कठिनाईहरूको सामना गर्नुपरेको थियो। विद्यार्थीहरूको न्यून उपस्थिति दर तथा सिकाइ उपलब्धि जस्ता समस्या समाधान गर्न विद्यालयस्तरीय कार्यशाला सञ्चालन गरियो र यस कार्यशालामा सबै सरोकारवालाहरूसँग मिलेर विद्यालयले राम्रो विद्यालयको परिकल्पना तयार गरी उनीहरूका सबै सोचहरूलाई कार्यान्वयन गर्नका लागि प्रतिवद्ध भए।


विद्यालयस्तरीय कार्यशाला

विद्यार्थीहरूको राम्रो सिकाइ उपलब्धिका लागि राम्रो विद्यालयको परिकल्पना गर्दै तदनुरूप कार्य गर्ने सहमति भएको थियो। जसअनुसार समस्याहरूको समाधान गर्न एक कार्ययोजना तयार पार्नुका साथै विद्यालय सुधार योजनामा समेत समावेश गरिएको छ। विद्यालयमा भएका भौतिक संरचनाहरू राम्रो अवस्थामा भएकोले भौतिक पूर्वाधारहरूलाई प्रत्यक्ष रूपमा प्राथमिकतामा राखिएन। त्यसैले विद्यालय व्यवस्थापन तथा शिक्षण प्रक्रिया र बालमैत्री वातावरण सिर्जना गर्नु पर्ने कुरालाई तत्काल सुधार गर्नुपर्ने कार्यको रूपमा छानिएको थियो। पहिलाको विद्यालय सुधार योजनाको समीक्षा गर्दै हालकोभन्दा बढी विद्यार्थी उपस्थितिका साथ विद्यार्थीहरूको सिकाइ उपलब्धिमा ६०% सुधार ल्याउन अतिरिक्त क्रियाकलापहरूको पहिचान गरिएको थियो।

व्यवहारिक र कार्यान्वयन योग्य विद्यालय सुधार योजनाले विद्यालय बढी बालमैत्री हुँदै गइरहेको छ। विद्यार्थी र अभिभावकहरू सहयोगी भएका छन् र विद्यालयको सबै कार्यक्रमहरूमा उनीहरू सहभागी हुने गरेका छन्। समुदायद्वारा विद्यालयको राम्रोसँग व्यवस्थापन गरिएको छ। ७ जना बाल बालिकाहरू निजी विद्यालयबाट आएका कारण विद्यार्थीहरूको भर्ना संख्या बढेको छ। विद्यालय सुधार योजना विद्यालय व्यवस्थापनको एक महत्वपूर्ण संयन्त्र हो, यसले बालबालिकाहरूको भविष्य निर्माण र सिकाइको गुणस्तर सुधारगर्न सक्षम बनाउँछ भन्ने कुरा विद्यालयले विश्वास गरेको छ।

यसैगरी जुम्ला जिल्लाबाट **सेतीवाडा माध्यमिक विद्यालय**-कुडारी तथा **देव लक्ष्मी निम्नमाध्यमिक विद्यालय**-घोडेमहादेव असल अभ्यास गर्ने विद्यालयका रूपमा दोस्रो स्थानमा छनौट भएका छन्।

## डोटी जिल्लाका असल अभ्यासहरू

यस जिल्लामा असल अभ्यासहरू छान्ने क्रममा; विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिकाको आधारमा सबै सामुदायिक विद्यालयहरूको विद्यालय सुधार योजना अद्यावधिक गरिसकेको पाइयो भने राम्रा विद्यालय चयनका मापदण्डअनुसार राधाकृष्ण उ.मा.वि (गोपघाट गाविस), जिल्लाको उत्कृष्ट विद्यालयको रूपमा छानिएको थियो।


राधाकृष्ण उमावि, गोपघाट, डोटी

स्रोतकेन्द्रस्तरीय तालिममा सहभागी भएका प्रधानाध्यापक अर्जुन बलायर र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हर्क बहादुर बलायरले विद्यालयस्तरीय गोष्ठीका क्रममा: अन्य सहभागीहरूलाई विद्यालय अवलोकन र स्व:मूल्याङ्कन चेकलिष्टको प्रयोगबाट समस्या पहिचान र प्राथमिकता निर्धारणका विषयमा सहजीकरण गर्नु भएको थियो। कम वा विनाबजेटका कार्यक्रमहरूलाई पनि ध्यान दिई विसुयो सहयोगी पुस्तिकाको आधारमा नवीनतम, वास्तविक र सजिलै कार्यान्वयन गर्न सकिने योजनालाई जोड दिईएको थियो। विद्यालयमा विद्यार्थी र शिक्षकहरूको गैरहाजिरी र विद्यार्थीहरूको सिकाइ उपलब्धि कसरी सुधार्ने भन्ने विषयमा छलफल गरिएको थियो।

कमजोर विद्यार्थीहरूलाई ध्यानमा राखी शिक्षक/विद्यार्थीहरूको हाजिरी रेकर्ड अद्यावधिक गर्ने कार्य बाल क्लवले गरिरहेको छ। बाल क्लव अझै क्रियाशिल भएको छ। जसले गर्दा कक्षाकोठा सफा सुग्घर भएको छ साथै विद्यार्थी, शिक्षक र स्थानीय समुदायहरूको बिचमा सुमधुर सम्बन्ध कायम भएको छ भने बगैंचाको हेरचाह गर्ने कार्य विद्यार्थी तथा शिक्षकहरू मिली गर्ने गरेका छन्। यस्ता कार्यले विद्यालयको शैक्षिक वातावरणमा सुधार ल्याउनुका साथै विद्यार्थीहरूको सिकाइ उपलब्धि वृद्धि गर्नमा प्रेरित गरेको छ।

यसैगरी डोटी जिल्लाबाट **महाकाली माध्यमिक विद्यालय**-मुडेगाउँ तथा **दुर्गा माध्यमिक विद्यालय**-देवाली असल अभ्यास गर्ने विद्यालयका रूपमा दोस्रो स्थानमा छनौट भएका छन्।

## परिक्षण कार्यक्रमबाट हासिल भएका थप राम्रा अभ्यासहरू

सिसम-२ परियोजनाको फिल्ड भम्रण, स्रोतव्यक्तिहरूको अनुगमन तथा परीक्षण जिल्लाहरूमा सञ्चालन भएका गोष्ठीका बेला, पहिलो वर्ष कार्यक्रम सञ्चालन भएका विद्यालयहरूमा विभिन्न राम्रा अभ्यासहरू भएको कुरा प्रस्तुत गरीएको थियो । यसरी प्रस्तुत भएका केही राम्रा अभ्यासहरू नमुनाको रूपमा यहाँ उल्लेख गरिएको छः

**(१) सहभागीतामूलक र छलफल प्रक्रियाबाट सिकाइः**
विद्यालय सुधार योजना अद्यावधिक गर्दा सहभागीतामुलक र सामुहिक छलफल प्रक्रिया अवलम्वन तथा सूचना आदानप्रदानवाट विद्यालय व्यवस्थापनमा समुदायको सहभागिताका लागि प्रोत्साहन गरेको छ । विगतमा सरोकारवालाहरूको सहभागिता विना तथा अन्य सूचनाहरू उपलब्ध नगराइकन नै विद्यालय सुधार योजना तयार गर्ने परिपाटी रहेको थियो । हाल आएर सबै सरोकारवालाहरूको सकृय सहभागितामा विद्यालय सुधार योजना तयार पारिएका छन् ।

**(२) विद्यालय सुधार योजनाको उद्देश्य र आवश्यकता वारे जानकारीः**
विद्याल व्यवस्थापन समिति र अभिभावकहरूले विसुयोलाई आफ्नो बालबालिकाहरूको भविष्य उज्वल पार्ने साथै विद्यालय व्यवस्थापनमा सुधार गर्ने एक प्रभावकारी साधन हो भन्ने कुरा महसुस गरेका छन् । साथै, विद्यालय सुधार योजनाको माध्यमबाट विद्यालयहरूले गाविस, जिविस, गैसस लगायत अन्य निकायहरूबाट वजेट प्राप्त गर्न सक्ने छन् ।

**(३) समुदायका सदस्यहरूको परिचालनमा वृद्धीः**
अभिभावक तथा विद्यार्थीहरू विद्यालय सुधार योजना तयारी तथा अद्यावधिक प्रक्रियामा संलग्न भएका छन् । यसकारण उनीहरूको आवश्यकताहरू योजनामा समावेश भएका छन् । विद्यालयहरूले विद्यालय बाहिर रहेका बाल बालिकाहरूको तथ्याङ्क संकलनमा बाल क्लबका प्रतिनिधी तथा विद्यार्थीहरूलाई परिचानलन गर्न थालेको छ । साथै, अधिकांश विद्यालयहरूले आमा समूहहरूलाई विद्यालयको कार्यक्रमहरूमा सहभागी गराएका छन् जसले गर्दा राम्रो नतिजा देखिएको छ ।

**(४) विद्यालय, अभिभावक तथा समुदायका सदस्यहरू विचको सूचना प्रवाहमा सुधारः**
अधिकांश विद्यालयहरूले उल्लेख गरे अनुसार उनीहरूले कम्तीमा पनि वर्षको २ पटक अभिभावक भेला गर्ने गरेका छन् । यदि कुनै विद्यार्थी २ दिन वा सो भन्दा वढी दिन अनुपस्थित भएमा शिक्षकले सम्बन्धीत अभिभावकहरूलाई भेट्न गरेका छन् । केही विद्यालयहरूले विशेष गरी दलित तथा जनजाती समुदायका अभिभावकहरूसँग उनीहरूले भोगेका चुनौतीहरूका वारेमा नियमित रूपमा वैठक आयोजना गरेका छन् ।

**(५) योजना तर्जुमा तथा कार्यान्वयनः**

विद्यालय सुधार योजनामा वजेट विना र कम वजेटमा सञ्चालन गर्न सकिने विभिन्न कार्यक्रमहरू समावेश गरिएका छन् । यस्ता कार्यक्रमहरूमा घरदैलो, कक्षाकोठामा मोवाइल फोन निषेध, शिक्षक र अभिभावक अन्तरक्रिया, अभिभावक भेला, भौतिक पुर्वाधार मर्मत, संभार, भुक्षय नियन्त्रण, दिवा खाजा आदि रहेका छन् । कार्यक्रम तर्जुमा मात्र नभई योजना गरिएका कार्यक्रमहरूको कार्यान्वयनका आगि आवश्यक वजेट समेत जुटाउन थालेका छन् ।

यसरी हासिल भएका राम्रा अभ्यासहरूलाई एक पटकको कार्यक्रमको रूपमा मात्र नलिइ निरन्तर रुपमा सञ्चालन गर्न अभिप्रेरित गर्नु नै हाम्रो अर्को महत्वपूर्ण कार्य हो ।

## दोस्रो वर्षको उद्देश्य : विद्यालय व्यवस्थापन सुधारको लागि क्षेत्रीय/राष्ट्रिय प्रवोधीकरणको क्षमता विकास मोडल

सिसम-२ परियोजनाको पहिलो बर्षमा प्राप्त उपलब्धिहरूको आधारमा तहगत तालिम कार्यक्रम, विषयवस्तु र तालिम सामग्रीहरू अद्यावधिक गरिएको छ । परियोजनाको दोस्रो वर्षमा विद्यालय क्षेत्र सुधार योजना (SSRP) को लक्ष्य हासिल गर्न शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र र पाठ्यक्रम विकास केन्द्रले सिसम-२ को सहकार्यमा क्षेत्रीय राष्ट्रिय प्रवोधीकरण अन्तर्गत क्षमता विकास कार्यक्रम सञ्चालन गर्नेछ ।




यस प्रबोधीकरणले विद्यालय व्यवस्थापनमा बालमैत्री विद्यालयको वातावरण सिर्जना गर्न र विद्यार्थीहरूको शैक्षिक उपलब्धि सुधार्न, केन्द्रिय र स्थानीय शिक्षा अधिकारी, विद्यालय र विद्यालय व्यवस्थापन समिति/शिक्षक अभिभावक संघहरूको राष्ट्रव्यापी क्षमता विकास गर्ने उद्देश्य लिएको छ । यस क्षेत्रीय तथा राष्ट्रिय प्रबोधीकरणमा निम्न कार्यक्रमहरू समावेश गरिएका छन् ।

१) तहगत प्रशिक्षक प्रशिक्षण तालिम
२) विद्यालय स्तरीय गोष्ठी
३) मुख्य तालिम सामग्रीहरूको वितरण

सिसम परियोजनाको पहिलो चरणमा नसमेटिएका ६९ जिल्लाहरू लगायत पूर्वकार्यक्रम सञ्चालित (परीक्षण तथा फलोअप) जिल्लाहरूलाई पनि यस वर्ष समेटिने छ । यी कार्यक्रमहरूका बारेमा सिसम-२ अपडेटको आगामी संस्करण मार्फत अझ बढी जानकारी प्रदान गरिनेछ ।